वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १९१ | २०८३ मंसिर ०४ गते शुक्रबार, नेपाल सम्वत् ११४७ November 20, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



कृषकलाई चटारो

तनहुँको भिमाद नगरपालिका-१ डुम्रीबेसी फाँटमा धान खेती पाकेपछि काट्दै गरेका स्थानीय कृषकहरू । असारमा रोपिएको धान बिऊ यतिबेला पाकेपछि कृषकहरू काट्ने, सुकाउन, झार्ने तथा दाइ हालेर धान परल भण्डारी गर्ने चटारोमा छन् ।

तस्विर : भञ्ज्याङ

दुई जिल्लाका योजना कार्यान्वयन गर्न दमौलीमा पूर्वाधार विकास डिभिजन कार्यालय

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा सडक तथा पुलगायत स्थानीय पूर्वाधार विकासका आयोजना सञ्चालन गर्न दमौलीमा पूर्वाधार विकास डिभिजन कार्यालय स्थापना भएको छ। दुई जिल्लालाई कार्यक्षेत्र बनाएर स्थापना गरिएको कार्यालयले बुधबारदेखि औपचारिक रूपमा सेवा सञ्चालन थालेको हो ।

व्यास नगरपालिका-४ मा स्थापना गरिएको कार्यालयको तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले उद्घाटन गरेका छन् । नेपाल सरकार मन्त्रिपरिषद्को २०८३ असोज १३ गतेको निर्णयअनुसार पूर्वाधार विकास मन्त्रालयअन्तर्गत स्थानीय पूर्वाधार विकास विभाग मातहत रहने गरी कार्यालय स्थापना गरिएको हो ।

नयाँ कार्यालय स्थापना भएसँगै अब दुई जिल्लामा स्थानीय सडक, पुल, रणनीतिक कृषि सडक तथा पर्यटकीय मार्ग निर्माण र स्तरोन्नतिसम्बन्धी काम एकीकृत रूपमा सञ्चालन हुनेछन् । यसले स्थानीय तहका केन्द्र तथा ग्रामीण बस्तीलाई सडक सञ्जालसँग जोड्नुका साथै कृषि उत्पादनको बजारीकरण र पर्यटकीय क्षेत्रको पहुँच विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कार्यालय प्रमुख ढाकाराम आचार्यका अनुसार डिभिजनले भौगोलिक क्षेत्रभित्र आवश्यकताका आधारमा रणनीतिक महत्वका पूर्वाधार आयोजना पहिचान, निर्माण र स्तरोन्नतिको काम गर्नेछ । वैकल्पिक सहायक मार्ग, रणनीतिक कृषि सडक, पर्यटकीय मार्ग, स्थानीय तहका केन्द्र जोड्ने सडक, स्थानीय सडक तथा पुल निर्माण यसका प्रमुख कार्यक्षेत्र हुन् । सामुदायिक पहुँच सुधार आयोजनासमेत कार्यालयमार्फत सञ्चालन गरिनेछ ।



कार्यालय स्थापना भएसँगै चालु आर्थिक वर्षमा दुई जिल्लामा ५५ करोड रूपैयाँका पूर्वाधार कार्यक्रम सञ्चालन हुने भएका छन् । विनियोजित बजेटमध्ये वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमका लागि २९ करोड, स्थानीयस्तरका सडक, पुल तथा सामुदायिक पहुँच सुधार परियोजनाका लागि १७ करोड र सडक सुरक्षा तथा मर्मतसम्भार कार्यक्रमका लागि नौ करोड रूपैयाँ छुट्याइएको कार्यालय प्रमुख आचार्यले जानकारी दिए ।

उनका अनुसार पूर्वाधार आयोजना कार्यान्वयनलाई व्यवस्थित बनाउन कार्यालयलाई तीन शाखामा विभाजन गरिएको छ । प्राविधिक, योजना र प्रशासन शाखामार्फत आयोजना छनोटदेखि निर्माण तथा व्यवस्थापनसम्मका काम अघि बढाइनेछ ।

डिभिजनले आयोजना सञ्चालनका क्रममा सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), डिजाइन, लागत अनुमान, वातावरणीय अध्ययन, गुणस्तर परीक्षण, ठेक्का व्यवस्थापन, भुक्तानी तथा निर्माण कार्यको सुपरिवेक्षण गर्नेछ । त्यस्तै आयोजना कार्यान्वयनका क्रममा उत्पन्न विवाद समाधान र जनशक्ति तथा वित्तीय व्यवस्थापनको जिम्मेवारी पनि कार्यालयकै हुनेछ। कार्यालय सञ्चालनका लागि डिभिजन प्रमुख एक, इन्जिनियर दुई, सबइन्जिनियर दुई, नायब सुब्बा एक, लेखापाल एक र कार्यालय सहयोगीको दरबन्दी प्रस्ताव गरिएको छ ।

यसअघि दुई जिल्लाका स्थानीय पूर्वाधारसम्बन्धी कामका लागि छुट्टै डिभिजन कार्यालय नहुँदा आयोजना कार्यान्वयन र प्राविधिक तथा प्रशासनिक समन्वयमा थप प्रक्रिया आवश्यक पर्ने अवस्था थियो । दमौलीमा कार्यालय स्थापना भएपछि आयोजना व्यवस्थापन, प्राविधिक सेवा तथा निर्माण कार्यको अनुगमनमा सहजता आउने विश्वास गरिएको छ ।

दुई जिल्लालाई एउटै कार्यक्षेत्र बनाएर स्थापना गरिएको डिभिजनले अब बजेटको प्रभावकारी उपयोग, आवश्यकतामा आधारित आयोजना छनोट र समयमै निर्माण सम्पन्न गर्न कस्तो कार्यसम्पादन गर्छ भन्ने महत्त्वपूर्ण हुनेछ । कार्यालय स्थापनाको उपलब्धि भवन र संरचनामा मात्र सीमित नभई ग्रामीण बस्ती, कृषि क्षेत्र र पर्यटकीय गन्तव्यसम्म गुणस्तरीय पूर्वाधार विस्तारमा देखिनुपर्नेछ ।

चार वर्षमै नमुना अस्पताल बन्दै आँबुखैरेनी अस्पताल

भञ्ज्याङ समाचारदाता/आँबु

तनहुँको आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालले सञ्चालनको चार वर्ष पूरा गरेको छ । छोटो अवधिमै विभिन्न विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्दै अस्पतालले स्थानीय तहमै गुणस्तरीय उपचार उपलब्ध गराउने नमुना स्वास्थ्य संस्थाका रूपमा आफ्नो पहिचान स्थापित गर्दै गएको छ ।



अस्पतालबाट हाल इमर्जेन्सी, बहिरङ्ग (ओपीडी), वार्ड, डेन्टल, डायलाइसिस, शल्यक्रिया, प्रयोगशाला, फिजियोथेरापी, भिडियो एक्स-रे, फार्मेसी तथा रक्तसञ्चारलगायतका सेवा नियमित रूपमा सञ्चालन भइरहेका छन् ।

स्थानीय तहमै यति धेरै स्वास्थ्य सुविधा उपलब्ध गराउन सकिन्छ भन्ने उदाहरण अस्पतालले प्रस्तुत गरेको छ । सेवा विस्तारसँगै सामान्य उपचारदेखि विभिन्न विशेषज्ञ स्वास्थ्य सेवाका लागि अन्यत्र जानुपर्ने स्थानीयवासीको बाध्यता पनि कम हुँदै गएको अस्पतालले जनाएको छ ।

अस्पतालको स्थापना, विकास र सेवा विस्तारमा गाउँपालिका अध्यक्ष शुक्र चुमानसहित सम्पूर्ण जनप्रतिनिधिको महत्वपूर्ण भूमिका रहेको अस्पतालले जनाएको छ । अस्पतालले स्थापनादेखि हालसम्मको यात्रामा सहयोग गर्ने विभिन्न संघसंस्था, सहयोगी हात तथा समन्वयकर्ताप्रति आभार व्यक्त गरेको छ ।

चार वर्षको अवधिमा प्राप्त उपलब्धिलाई थप सुदृढ गर्दै आगामी दिनमा स्वास्थ्य सेवा विस्तार गर्ने अस्पतालको लक्ष्य छ। नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै अस्पतालको सेवा प्रभावकारिता बढाउन सबै पक्षको साथ र सहयोग आवश्यक रहेको अस्पतालले जनाएको छ ।

सम्पादकीय .....

www.bhanjyangnews.com

हरिबोधिनी एकादशी

सनातन हिन्दू धर्म र संस्कृतिमा प्रकृतिलाई देवत्वसँग जोडेर सम्मान गर्ने परम्परा निकै पुरानो छ । नदी, वन, पहाड, वृक्ष र वनस्पतिलाई केवल प्राकृतिक स्रोतका रूपमा मात्र नभई जीवनका आधार र आस्थाका प्रतीकका रूपमा स्वीकार गरिएको छ । यही परम्पराको एउटा सुन्दर उदाहरण हो- तुलसी । धार्मिक आस्था, सांस्कृतिक परम्परा, प्राकृतिक महत्त्व र मानव स्वास्थ्यसँग जोडिएको तुलसी हिन्दू धर्मावलम्बीका घरआँगनमा मात्र सीमित छैन, यो प्रकृति र मानवबीचको गहिरो सम्बन्धको प्रतीक पनि हो । आज हरिबोधिनी एकादशी । वर्षभरि पर्ने २४ वटा एकादशीमध्ये विशेष महत्त्व राख्ने यस दिनलाई ठूलो एकादशी पनि भनिन्छ। धार्मिक मान्यताअनुसार आषाढ शुक्ल एकादशीका दिन क्षीरसागरमा शयन गर्नुभएका भगवान् विष्णु चार महिनापछि अर्थात् कार्तिक शुक्ल एकादशीका दिन जागा हुनुहुन्छ । यही विश्वासका आधारमा चतुर्मास समाप्त भई पुनः विवाह, व्रतबन्ध, गृहप्रवेशलगायत माङ्गलिक कार्यको सुरूआत हुने मान्यता छ । भगवान् विष्णुको आराधना, व्रत, दान र स्नानका साथै तुलसीको विशेष पूजा यस पर्वका प्रमुख धार्मिक पक्ष हुन्। हरिशयनी एकादशीका दिन घरघरमा रोपिएको तुलसीको आज विशेष पूजा गरी विवाह गराउने परम्परा छ । तुलसीलाई भगवान् विष्णुको प्रिय वनस्पति र धार्मिक रूपमा लक्ष्मीस्वरूपा मानिन्छ । तुलसी र पीपलको विवाह गराउने चलनले प्रकृति र संस्कृतिबीचको सम्बन्धलाई समेत उजागर गर्छ । यस दिन तुलसीको मठ सजाउने, दीप प्रज्वलन गर्ने र विधिपूर्वक पूजा गर्ने चलनले घरपरिवारमा धार्मिक तथा सांस्कृतिक वातावरण निर्माण गर्छ । हरिबोधिनी एकादशीदेखि पूर्णिमासम्मको पाँच दिनलाई भीष्मपञ्चकका रूपमा मनाउने र यस अवधिमा नारायणको आराधना गर्ने परम्परा पनि छ । हरिबोधिनी एकादशी केवल व्रत र पूजाआजाको पर्व होइन, यो चतुर्मासभरि स्थगित रहेका धार्मिक अनुष्ठानको समापन र नयाँ धार्मिक तथा सामाजिक गतिविधिको सुरूआतको अवसर पनि हो । यस अवसरमा वराहक्षेत्र, बुढानीलकण्ठ र उपत्यकाका चार नारायणलगायत देशका विभिन्न धार्मिक स्थलमा, नदी, तलाउँमा भक्तजनको घुइँचो लाग्छ । कतिपय श्रद्धालुले चार नारायणको परिक्रमा गर्ने र नसक्नेले कम्तीमा एक नारायणको दर्शन गर्ने परम्परा पालना गर्छन् । सक्खरखण्ड, पिँडालु तथा मौसमी फलफूल भगवान्लाई चढाएर प्रसादका रूपमा ग्रहण गर्ने चलनले स्थानीय उत्पादन र मौसमी खानपानको महत्त्वसमेत सम्झाउँछ ।

यस पर्वको अर्को महत्त्वपूर्ण पक्ष तुलसी हो । तुलसीलाई धार्मिक दृष्टिले पवित्र वनस्पति मानिए पनि यसको उपयोगिता आस्थामा मात्र सीमित छैन । आयुर्वेदमा तुलसीका पात, फूल, बीउ र जराको विभिन्न प्रयोजनमा प्रयोग हुँदै आएको छ। तुलसीमा पाइने प्राकृतिक तत्त्वका कारण यसलाई परम्परागत उपचार पद्धतिमा रूघाखोकी, पाचन समस्या तथा सामान्य स्वास्थ्य समस्यामा उपयोगी वनस्पतिका रूपमा लिइन्छ । आधुनिक अध्ययनहरूले पनि तुलसीमा केही औषधीय तथा प्रतिअक्सिडेन्ट गुण रहेको देखाएका छन् । यद्यपि तुलसीलाई सबै रोगको उपचार वा चिकित्सकीय औषधिको विकल्पका रूपमा बुझ्नु उचित हुँदैन । यसको औषधीय प्रयोग गर्दा आवश्यकताअनुसार स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ । तुलसीको महत्त्व स्वास्थ्यसँगै वातावरणीय पक्षमा पनि जोडिएको छ । घरआँगनमा तुलसी रोप्ने परम्पराले हरियाली संरक्षण, वनस्पतिप्रतिको सम्मान र घरवरपरको जैविक विविधता कायम राख्न प्रेरित गर्छ । वनस्पतिले वातावरणीय सन्तुलन, कीरा तथा चराचुरूङ्गीको वासस्थान र प्राकृतिक प्रणालीलाई सहयोग पुऱ्याउँछन्। त्यसैले तुलसी रोप्नु र संरक्षण गर्नु धार्मिक कर्म मात्र नभई प्रकृतिप्रतिको जिम्मेवारी पनि हो ।

हाम्रो परम्पराले तुलसीलाई घरमा रोप्ने, नियमित जल अर्पण गर्ने, पूजा गर्ने र धार्मिक अनुष्ठानमा प्रयोग गर्ने अभ्यास स्थापित गरेको छ । यसले नयाँ पुस्तालाई वनस्पति चिनाउने, त्यसको संरक्षण गर्न सिकाउने र प्रकृतिसँग नजिक बनाउने अवसर प्रदान गर्छ । तर पछिल्लो समय आधुनिक जीवनशैली र सहरीकरणका कारण घरआँगनमा तुलसी रोप्ने तथा परम्परागत संस्कारलाई निरन्तरता दिने चलन केही कमजोर हुँदै गएको छ । धार्मिक पर्वमा पूजा गर्ने तर दैनिक जीवनमा प्रकृति संरक्षणप्रति बेवास्ता गर्ने प्रवृत्तिले हाम्रो परम्पराको मूल मर्मलाई नै कमजोर बनाउँछ । धर्म र विज्ञानलाई परस्पर विरोधी ठान्नु आवश्यक छैन । धार्मिक आस्थाले तुलसीलाई संरक्षण गर्न प्रेरित गरेको छ भने यसको प्राकृतिक र औषधीय उपयोगिताले त्यसको महत्त्वलाई थप पुष्टि गरेको छ। हाम्रा पुर्खाले प्रकृति र मानव जीवनबीचको सम्बन्धलाई धार्मिक संस्कारमार्फत पुस्तान्तरण गरेका थिए। त्यसको संरक्षण गर्नु आजको पुस्ताको दायित्व हो। हरिबोधिनी एकादशीले भगवान् विष्णुको जागरण र चतुर्मासको समाप्तिको धार्मिक सन्देश दिन्छ । यससँगै तुलसीको पूजा र संरक्षणमार्फत प्रकृतिप्रतिको सम्मान गर्ने प्रेरणा पनि दिन्छ । पर्वलाई कर्मकाण्डमा मात्र सीमित नराखी यसको सांस्कृतिक, प्राकृतिक र जीवनोपयोगी पक्षलाई आत्मसात् गर्न सके यसको सार्थकता बढ्नेछ। तुलसीको मठमा दीप बाल्नुका साथै घरआँगन, वनजङ्गल र जलस्रोतको संरक्षणमा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ । आखिर प्रकृतिको संरक्षण नै जीवनको संरक्षण हो । आस्थाले तुलसीलाई देवत्व दिएको छ, यसको उपयोगिताले जीवनसँग जोडेको छ । त्यसैले तुलसीको पूजा गर्ने संस्कारसँगै प्रकृतिलाई जोगाउने संस्कार पनि हाम्रो जीवनको अभिन्न हिस्सा बन्नुपर्छ ।

जबजको सामाजिकीकरण र समाजवादको आधार निर्माण

राजनीतिक दलहरू केवल निर्वाचनमा प्रतिस्पर्धा गर्ने सङ्गठन मात्र नभई समाज रूपान्तरण, राज्य सञ्चालन, नागरिक अधिकारको संरक्षण र राष्ट्रिय विकासको दिशा निर्धारण गर्ने महत्त्वपूर्ण संस्था हुन् । यसले जनताको राजनीतिक आकाङ्क्षालाई सङ्गठित गर्दै जनमतलाई राज्यसत्तासँग जोड्ने र शासन सञ्चालनमा जनताको सहभागिता सुनिश्चित गर्ने माध्यमको काम गर्छ ।

कुनै पनि दलको वास्तविक शक्ति सङ्गठनको आकार वा निर्वाचनमा प्राप्त मत र सिटले मात्र मापन हुँदैन । जनताको विश्वास, वैचारिक स्पष्टता, सार्वजनिक जवाफदेहिता र नागरिकको जीवनमा ल्याउन सकेको परिवर्तनले त्यसको सामर्थ्य निर्धारण गर्छ । नेपालको आधुनिक इतिहासमा राजनीतिक दलहरूको उदय निरंकुश जहानियाँ राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापनाको मुख्य उद्देश्यका साथ भएको हो। वि.सं. १९८० को दशकको अन्त्यतिर भूमिगत रूपबाट सुरू भएको दलगत राजनीतिले नेपाललाई सामन्ती व्यवस्थाबाट आधुनिक संघीय लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्याउन निर्णायक भूमिका खेलेको छ ।

राजनीतिक दलहरूकै नेतृत्वमा वि.सं. २००७ मा १०४ वर्षे राणा शासन, वि.सं. २०४६ मा निर्दलीय पञ्चायत र वि.सं. २०६२/६३ मा राजतन्त्रको अन्त्य भई जनतामा सार्वभौमसत्ता स्थापित भएको हो । संविधान निर्माण र राज्यको पुनःसंरचना गर्दै देशमा सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशी प्रतिनिधित्व र तीन तहको सरकारको व्यवस्था स्थापित गऱ्यो । सामाजिक जागरण र अधिकारको विस्तार गर्दै सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने काममा दलहरूको मुख्य भूमिका रहेको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनले लोकतन्त्रिक गणतन्त्र, सामाजिक न्याय, समावेशिता तथा श्रमिक र उत्पीडित समुदायका अधिकारका लागि महत्त्वपूर्ण योगदान गरेको छ । यस आन्दोलनबाट विकसित नेकपा एमालेले नेपालको लोकतान्त्रिक तथा संवैधानिक विकासमा भूमिका निर्वाह गरेको छ । जनताको बहुदलीय जनवादले बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, संविधानको सर्वोच्चता, मानवअधिकार र लोकतान्त्रिक प्रक्रियाबाट समाजवादतर्फ अघि बढ्ने वैचारिक आधार प्रस्तुत गरेको छ । तर ऐतिहासिक योगदानको गौरवले वर्तमानका पार्टीका पुरातन प्रकृतिका कमजोरी छोप्न सक्दैन ।

बेरोजगारी, भ्रष्टाचार, आर्थिक असमानता, सार्वजनिक सेवाको गुणस्तर, राजनीतिक अस्थिरता र नेतृत्वप्रतिको अविश्वासले दलहरूको कार्यशैलीमाथि प्रश्न उठाएका छन् । जेनजी आन्दोलन र त्यसपछि विकसित राजनीतिक घटनाक्रमहरूले स्थापित दलहरूलाई आत्मसमीक्षा गर्नुपर्ने स्थानमा पुऱ्याएका छन् । यस परिस्थितिमा एमालेको चुनौती नेतृत्वको निरन्तरता वा परिवर्तनको बहसमा मात्र सीमित छैन । विचार, सङ्गठन, नेतृत्वको जनसम्बन्ध र राजनीतिक जवाफदेहिताको समग्र समीक्षा गर्नु पनि हो। यही उद्देश्यका साथ एक आम शुभचिन्तकका नाताले यो बहसपत्र तयार गरिएको हो ।

बदलिँदो नेपाली समाज र राजनीतिक दलप्रतिको जनअपेक्षा

नेपाली समाज आर्थिक, सामाजिक, शैक्षिक र प्रविधिगत दृष्टिले तीव्र परिवर्तनको प्रक्रियामा छ । शिक्षा र सञ्चारको विस्तारले नागरिकमा राजनीतिक चेतना बढाएको छ। डिजिटल प्रविधिको पहुँचले सूचना प्राप्त गर्ने, विचार व्यक्त गर्ने र सार्वजनिक निकायलाई प्रश्न गर्ने अवसर विस्तार गरेको छ। नयाँ पुस्ता अब राजनीतिक दलका घोषणापत्र, भाषण र प्रतिबद्धताबाट मात्र सन्तुष्ट छैन। उसले ती प्रतिबद्धताको परिणाम आफ्नो दैनिक जीवनमा देख्न चाहन्छ ।

आज नागरिकका अपेक्षा रोजगारी, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, न्यायमा पहुँच, भ्रष्टाचारमुक्त प्रशासन, सामाजिक सुरक्षा र सम्मानजनक जीवनसँग जोडिएका छन् । युवाहरू देशभित्रै अवसर खोजिरहेका छन् । किसानले आफ्नो उत्पादनको उचित मूल्य, श्रमिकले श्रमको सम्मान र उचित पारिश्रमिक, उद्यमीले लगानीमैत्री वातावरण तथा आम नागरिकले सार्वजनिक सेवामा सहजता चाहेका छन् । राजनीतिक दलहरूप्रति असन्तुष्टि हुनुको एउटा कारण प्रतिबद्धता र कार्यान्वयनबीचको दूरी हो ।

निर्वाचनका बेला जनतासँग गरिएका वाचा सरकारमा पुगेपछि कमजोर हुने, सार्वजनिक पदलाई जिम्मेवारीभन्दा अवसरका रूपमा लिने, राजनीतिक पहुँचका आधारमा सुविधा प्राप्त गर्ने र आलोचनालाई अस्वीकार गर्ने प्रवृत्तिले जनविश्वास कमजोर बनाउँछ । यसर्थ बदलिँदो नेपाली समाजले राजनीतिक दलसँग केवल नेतृत्व परिवर्तन होइन, राजनीतिक संस्कार र कार्यशैलीमा परिवर्तन खोजेको छ। पार्टीभित्रको लोकतन्त्र, पारदर्शिता, जवाफदेहिता, सामाजिक न्याय र परिणाममुखी कार्यसम्पादन अब वैकल्पिक विषय होइनन् ।

नेकपा एमालेले यो परिवर्तनलाई चुनौतीका रूपमा मात्र होइन, आफ्नो विचार र सङ्गठनलाई समयानुकूल बनाउने अवसरका रूपमा लिनुपर्छ। नागरिकको अपेक्षा बुझ्ने, युवासँग संवाद गर्ने, स्थानीय समस्यालाई राष्ट्रिय नीतिसँग जोड्ने र सार्वजनिक जीवनमा नैतिकताको उदाहरण प्रस्तुत गर्ने क्षमता विकास गर्नु आजको आवश्यकता हो।

नेपालको कम्युनिस्ट आन्दोलनको ऐतिहासिक विकास र वर्तमान चुनौती

नेपालको कम्युनिस्ट आन्दोलन २००६ मा नेपाल कम्युनिस्ट पार्टी स्थापना भएपछि अस्पष्टता, नेतृत्व प्रतिस्पर्धा, सङ्गठनात्मक कमजोरी र कार्यशैलीसम्बन्धी समस्या पनि रहेका छन्। कतिपय अवस्थामा विचार र सिद्धान्तका नाममा भएका विभाजनको वास्तविक आधार नेतृत्व व्यवस्थापन र सङ्गठनात्मक स्वार्थसमेत बन्न पुगे । आज नेपाली कम्युनिस्ट आन्दोलनको मुख्य चुनौती आफ्नो ऐतिहासिक योगदानको निरन्तरता कायम राख्दै बदलिँदो समाजको नेतृत्व गर्नसक्नु हो । पुराना राजनीतिक नारा र संघर्षका अनुभव मात्र दोहोऱ्याएर वर्तमानका समस्या समाधान गर्न सकिँदैन । कम्युनिस्ट आन्दोलनले उत्पादन, रोजगारी, प्रविधि, सामाजिक न्याय, राष्ट्रिय स्वाधीनता, वातावरणीय सन्तुलन र लोकतान्त्रिक अधिकारका विषयमा स्पष्ट तथा व्यवहारिक दृष्टिकोण प्रस्तुत गर्नुपर्छ । वर्गीय शोषण र असमानताको विश्लेषणसँगै आजको नेपाली समाजमा देखिएका नयाँ आर्थिक तथा सामाजिक विभाजनलाई पनि बुझ्नुपर्छ ।

एमालेले आफ्नो ऐतिहासिक योगदानलाई भविष्यको कार्यभारसँग जोड्न सक्नुपर्छ । त्यसका लागि आन्दोलनको इतिहासको गौरवसँगै विगतका कमजोरीको निष्पक्ष समीक्षा आवश्यक छ । यस इतिहासलाई हेर्दा नेपालको कम्युनिस्ट आन्दोलनले लोकतान्त्रिक सङ्घर्षमा योगदान गरेको पक्षसँगै आफ्नै आन्तरिक विभाजन र सङ्गठनात्मक कमजोरीबाट सिक्नुपर्ने पक्ष पनि छन्। राजनीतिक विचारमा मतभिन्नता हुनु स्वाभाविक हो। तर त्यसको समाधान संवाद, बहस, विधि र लोकतान्त्रिक निर्णयबाट खोजिनुपर्छ। असहमतिको कारण विभाजन भइरहने अवस्था दोहोरिन नदिन संस्थागत विश्वास र सामूहिक नेतृत्वको अभ्यास

बाँकी तेश्रो पेजमा



> जबजको सान्दर्भिकता यसको ऐतिहासिक नाम वा दस्तावेजमा मात्र होइन, लोकतन्त्रलाई नागरिकको जीवनसँग जोइने क्षमतामा निर्भर गर्दछ । राजनीतिक स्वतन्त्रतासँगै आर्थिक अवसर, सामाजिक न्याय, समानता, सुशासन र सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न सकिएन भने समाजवादको आधार निर्माण व्यवहारमा रूपान्तरण हुन सक्दैन ।
>
> ● अधिवक्ता गोपाल नेपाली

तपाईको आज

मेष
घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। तर, विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ।

वृष
मिहिनेत गर्दा राम्रै उपलब्धि प्राप्त हुनेछ। अध्ययनका सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ।

मिथुन
पढाइका माध्यमबाट दिगो सम्बन्ध स्थापित गर्ने समय छ। व्यापार बढ्नाले आयस्रोत सबल हुनेछ।

कर्कट
वादविवादले साथीभाइमा फाटो ल्याउनेछ। निम्तो आए पनि आतिथ्य खर्चिलो तथा महँगो साबित हुनेछ।

सिंह
भेटघाटले काममा अलमल्याउन सक्छ। तापनि मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ।

कन्या
शिक्षा, अध्ययन र यात्रा सम्बन्धी काममा सफलता प्राप्त हुने योग छ। भविष्यप्रति आशा बढ्नेछ।

तुला
विवादास्पद काममा अलमलिनुपर्दा चिताएको काममा बाधा पुग्नेछ। परिस्थिति अलि संघर्षपूर्ण रहला।

वृश्चिक
मिहिनेतले पछिसम्म फाइदा हुनेछ। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ।

धनु
आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ।

मकर
आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। दिगो फाइदा हुने काम थालनी हुनेछ। आफ्नो प्रतिभाको कदर हुनेछ।

कुम्भ
सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र पनि फराकिलो बन्नेछ।

मीन
मित्र तथा सहकर्मीको सहयोग मिल्नेछ। सामाजिक गतिविधिमा सक्रियता बढ्ने र मानसम्मान बढ्ने छ ।

जबजको सामाजिकीकरण र .....

बलियो बनाउनु आवश्यक छ।

जनताको बहुदलीय जनवादको सान्दर्भिकता

जनताको बहुदलीय जनवाद नेपाली कम्युनिस्ट आन्दोलनको महत्त्वपूर्ण वैचारिक उपलब्धि हो । यसले बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, संविधानको सर्वोच्चता, मानवअधिकार, विधिको शासन र लोकतान्त्रिक प्रक्रियामार्फत समाजवादतर्फ अघि बढ्ने दृष्टिकोण प्रस्तुत गरेको छ । जबजको मूल मर्म लोकतन्त्रलाई केवल सत्ता प्राप्तिको माध्यमका रूपमा होइन, जनताको राजनीतिक, आर्थिक र सामाजिक अधिकार सुनिश्चित गर्ने आधारका रूपमा बुझ्नु हो । राजनीतिक स्वतन्त्रता र आर्थिक समानता एकअर्काका परिपूरक हुन् भन्ने मान्यता यसको महत्त्वपूर्ण पक्ष हो । तर कुनै पनि विचारको सान्दर्भिकता त्यसको ऐतिहासिक योगदानको चर्चा गरेर मात्र कायम रहँदैन। समय, समाज र उत्पादन प्रणालीमा आएको परिवर्तनअनुसार विचारको सिर्जनात्मक विकास आवश्यक हुन्छ ।

लोकतन्त्रको वास्तविक मापन निर्वाचनमा मात्र होइन, नागरिकले न्याय पाएका छन् कि छैनन्, युवाले अवसर पाएका छन् कि छैनन्, श्रमिकले सम्मानजनक जीवन बिताउन पाएका छन् कि छैनन् र राज्यका निकाय जनताप्रति जवाफदेही छन् कि छैनन् भन्ने आधारमा हुनुपर्छ। यसैले जबजलाई दस्तावेजमा सीमित नराखी नीति, कार्यक्रम, सङ्गठन र सार्वजनिक व्यवहारमा स्थापित गर्नु आवश्यक छ। जबजको सान्दर्भिकता यसको नाम दोहो-याउनमा होइन, जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्ने क्षमतामा निर्भर गर्दछ ।

कुनै पनि विचारको जीवन्तता त्यसलाई दोहोर्याउनमा होइन, बदलिँदो सामाजिक यथार्थसँग जोडेर सिर्जनात्मक विकास गर्नमा हुन्छ। त्यसैले जबजको ऐतिहासिक योगदानको सम्मानसँगै यसको समकालीन व्याख्या र व्यवहारमा कार्यान्वयनको समीक्षा आवश्यक छ। पार्टीको इतिहासमा सरकार सञ्चालनका अनुभव, स्थानीय विकासका कार्यक्रम, सामाजिक सुरक्षा र संविधान निर्माणमा सहभागिताजस्ता उपलब्धि छन् । यी उपलब्धिको वस्तुनिष्ठ समीक्षा गर्दा कुन नीति सफल भयो, कुन कार्यक्रम अपेक्षित परिणाममा पुग्न सकेन र किन भन्ने प्रश्न पनि उठाउनुपर्छ । इतिहासलाई गौरवका रूपमा मात्र होइन, आगामी नीति निर्माणका लागि सिकाइका स्रोतका रूपमा उपयोग गर्नु आवश्यक छ ।

जनताको बहुदलीय जनवाद, विचार व्यवहार बीचको अन्तरविरोध

जबजको मूल महत्व राजनीतिक बहुलवाद, प्रतिस्पर्धात्मक बहुदलीय, व्यवस्था, आवधिक निर्वाचन, जनताको सार्वभौमिकता, मौलिक, अधिकार, विधिको शासन र शान्तिपूर्ण राजनीतिक रूपान्तरणलाई समाजवादी लक्ष्यसँग जोड्नुमा छ । नेपालको राजनीतिक विकासक्रमले पनि लोकतान्त्रिक प्रतिस्पर्धा र संवैधानिक प्रक्रियाको महत्वलाई स्थापित गरेको छ । २०५२ सालमा सशस्त्र द्वन्द्व सुरू गरेको माओवादी आन्दोलन १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता र संविधानसभा हुँदै संसदीय तथा प्रतिस्पर्धात्मक राजनीतिक प्रक्रियामा समाहित भयो । यसलाई माओवादी आन्दोलनले जबज स्वीकार गरेको अर्थमा बुझ्नु त हुँदैन । तर नेपालको विशिष्ट परिस्थितिमा राजनीतिक परिवर्तनका लागि जनताको अभिमत, बहुदलीय प्रतिस्पर्धा र संवैधानिक प्रक्रियाको महत्व बढेको ऐतिहासिक घटनाक्रमका रूपमा हेर्न सकिन्छ।

नेपालको संविधानको धारा ७४ ले बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको व्यवस्था गरेको छ। जबजले लोकतान्त्रिक प्रतिस्पर्धा र जनताको सर्वोच्चताको कुरा गर्दा पार्टीभित्र फरक मतको सम्मान, नियमित छलफल, सामूहिक निर्णय, नेतृत्वको जवाफदेहिता र विधिको पालना पनि व्यवहारमा देखिनुपर्छ। विचारमा लोकतन्त्र स्वीकार्ने तर व्यवहारमा निर्णय केन्द्रीकरण गर्ने, आलोचनालाई असहज ठान्ने वा जिम्मेवारीको समीक्षा नगर्ने प्रवृत्तिले विचार र व्यवहारबीच अन्तरविरोध पैदा गर्छ। त्यसैले जबजलाई दस्तावेज र भाषणमा सीमित नराखी पार्टी सङ्गठन, नेतृत्वको कार्यशैली, सरकार सञ्चालन र सार्वजनिक जीवनमा लागू गर्नुपर्छ। आत्मसमीक्षा कुनै व्यक्ति विरूद्धको अभियान होइन, संस्थालाई बलियो बनाउने लोकतान्त्रिक अभ्यास हो ।

जबज र पार्टीको व्यवहारबीचको अन्तरविरोध : आत्मसमीक्षाको आवश्यकता

कुनै पनि राजनीतिक दलको वैचारिक विश्वसनीयता उसको व्यवहारबाट प्रमाणित हुन्छ। पार्टीले लोकतन्त्र, समानता, सामाजिक न्याय र जनताको सर्वोच्चताको कुरा गर्ने तर आफ्नै सङ्गठनभित्र ती मूल्य स्थापित गर्न नसक्ने हो भने विचार र व्यवहारबीच अन्तरविरोध उत्पन्न हुन्छ । एमालेभित्र पनि केही व्यवहारगत समस्या देखिएका छन् । निर्णय प्रक्रियामा सीमित व्यक्तिको प्रभाव, गुटगत प्रतिस्पर्धा, आलोचना र आत्मालोचनाको कमजोर संस्कृति, जिम्मेवारीको स्पष्टता नहुनु तथा जनतासँगको सम्बन्ध कमजोर हुँदै जानुजस्ता विषयमा गम्भीर समीक्षा आवश्यक छ । पार्टीभित्र फरक मत राख्ने अधिकार सुरक्षित हुनुपर्छ । नेतृत्वप्रति प्रश्न उठाउनु अनुशासनहीनता होइन। तर आलोचना तथ्य, तर्क र पार्टीको हितमा आधारित हुनुपर्छ। निर्वाचनमा पराजय हुँदा जिम्मेवारी व्यक्तिमाथि थोपर्नु वा नेतृत्वको कुनै तहलाई प्रश्नभन्दा माथि राख्नु दुवै गलत हुन् । आत्मसमीक्षा भनेको कमजोरी स्वीकार गर्ने औपचारिक प्रक्रिया मात्र होइन, यसले कमजोरीको कारण पहिचान गर्छ ।

सिद्धान्तलाई जनजीवनसँग जोड्ने प्रश्न

बिचार जनताले बुझ्ने, अनुभव गर्ने र आफ्नो जीवनमा त्यसको सकारात्मक परिणाम देख्न सक्ने हुनुपर्छ। यसका लागि पार्टीले विचार र कार्यक्रमबीच स्पष्ट सम्बन्ध स्थापित गर्नुपर्छ । प्रशिक्षण कार्यक्रममा सैद्धान्तिक व्याख्याका साथै स्थानीय आर्थिक तथा सामाजिक समस्याको अध्ययन समावेश गर्नुपर्छ । जबजको सामाजिकीकरणको वास्तविक मापदण्ड जनताको जीवनमा देखिने परिवर्तन हो । विचारलाई जनजीवनसँग जोड्न सकिएन भने त्यो केवल राजनीतिक नारामा मात्र सीमित हुन्छ । विचारको सफलता त्यसको लोकप्रिय नारामा होइन, त्यसले नागरिकको जीवनमा ल्याएको परिवर्तनमा मापन हुनुपर्छ । जबजलाई समयानुकूल व्याख्या गर्न सकिएन भने व्यवहारबाट टाढा हुन्छ। त्यसैले अध्ययन, अनुसन्धान, सार्वजनिक बहस र जनताको अनुभवबाट सिक्ने निरन्तर प्रक्रिया आवश्यक छ ।

समाजवादको आधार निर्माण सामाजिक न्याय

समाजवादको आधार निर्माण केवल राज्यको भूमिकाले विस्तार गर्ने विषय होइन । यसको आधार सामाजिक सुरक्षा, सार्वजनिक सेवाको गुणस्तर र अवसरको समानतामा हुन्छ। उत्पादनशील अर्थतन्त्रविना दिगो सामाजिक सुरक्षा र आर्थिक समानता सम्भव हुँदैन । निजी, सहकारी र सार्वजनिक क्षेत्रबीचको सम्बन्धलाई राष्ट्रिय हित, श्रमिक अधिकार र प्रतिस्पर्धी उत्पादनको आधारमा व्यवस्थित गर्नुपर्छ । समाजवादको मापन राज्यको स्वामित्वको घोषणाले मात्र हुँदैन, नागरिकले अवसर पाएका छन् कि छैनन्, श्रमको सम्मान भएको छ कि छैन, असमानता घटेको छ कि छैन र सार्वजनिक सेवा सबैका लागि उपलब्ध छ कि छैन भन्ने परिणामले हुन्छ ।

जेनजी आन्दोलन, नयाँ राजनीतिक चेतना

२०८२ सालको जेनजी आन्दोलनलाई युवा पुस्ताको असन्तुष्टि, राजनीतिक जवाफदेहिताको माग र शासनप्रणाली प्रतिको अपेक्षाको सन्दर्भमा बुझ्नुपर्छ। यसलाई कुनै एक दलको पक्ष वा विपक्षमा सीमित नगरी सार्वजनिक जीवनमा पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, अवसरको समानता र उत्तरदायी शासनको मागका रूपमा विश्लेषण गर्नु आवश्यक छ । नयाँ पुस्ताले राजनीतिक दलबाट भाषणभन्दा काम, पहुँचभन्दा योग्यता र आश्वासनभन्दा परिणाम खोजिरहेको छ । सामाजिक सञ्जाल र डिजिटल माध्यमले नागरिकको आवाज छिटो सार्वजनिक गर्ने वातावरण बनाएका छन् । यसले राजनीतिक दललाई आलोचना सुन्न, तथ्यमा आधारित जवाफ दिन र सार्वजनिक व्यवहार सुधार्न थप जिम्मेवार बनाएको छ ।

आन्दोलनका घटनाबारे मूल्याङ्कन गर्दा हिंसा, क्षति र अधिकार उल्लङ्घनका प्रश्नलाई तथ्यका आधारमा छुट्टाछुट्टै हेरिनुपर्छ। नागरिकको असन्तुष्टिलाई अवमूल्यन नगरी मानवअधिकार, कानुनी शासन र लोकतान्त्रिक संस्थाको संरक्षण गर्नु राज्य तथा राजनीतिक दल दुवैको दायित्व हो। यस घटनाक्रमबाट दलहरूले युवा पुस्तालाई केवल प्रचार वा भीड व्यवस्थापनको भूमिकामा सीमित नगरी नीति निर्माण, सङ्गठन सञ्चालन र नेतृत्व विकासमा सहभागी गराउनुपर्ने शिक्षा लिन सक्नुपर्छ । युवाको आलोचनालाई अस्वीकार गर्नुको सट्टा तथ्य र संवादका आधारमा सम्बोधन गर्नुपर्छ। राजनीतिक दलले नागरिकको विश्वास पुनः प्राप्त गर्न आफ्नो आचरण, आन्तरिक लोकतन्त्र र सार्वजनिक जवाफदेहितामा देखिने गरी सुधार गर्न आवश्यक छ।

नेतृत्वको उत्तरदायित्व, पुस्तान्तरण र संस्थागत लोकतन्त्र

नेतृत्व कुनै पद वा व्यक्तिको स्थायी अधिकार होइन । यो विश्वास, क्षमता, आचरण र संस्थागत वैधतामा आधारित जिम्मेवारी हो। पुस्तान्तरणलाई उमेर वा अनुहार परिवर्तनमा मात्र सीमित नगरी नयाँ पुस्तालाई निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता, जिम्मेवारी र नेतृत्व विकासको अवसर दिनुपर्छ । अनुभव र योगदान भएका नेतृत्वको सम्मान गर्दै संस्थागत विधि, नियमित अधिवेशन, पारदर्शी प्रतिस्पर्धा र आलोचना आत्मालोचनाको संस्कार बलियो बनाउनुपर्छ ।

नेता तथा कार्यकर्ताको सार्वजनिक आचरण पार्टीको विचार र संस्कारको प्रतिबिम्ब हो । त्यसैले इमानदारी, नैतिकता, पारदर्शिता, जनसम्बन्ध र सार्वजनिक जिम्मेवारीलाई नेतृत्व मूल्याङ्कनसँग जोड्न आवश्यक छ । संघ, प्रदेश र स्थानीय तह मध्ये स्थानीय सरकार नागरिकका दैनिक आवश्यकता र समस्यासँग प्रत्यक्ष जोडिन्छ । संविधान र कानुनले दिएको अधिकार तथा जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नसक्ने, स्थानीय यथार्थ बुझ्ने र जनतासँग निरन्तर जोडिने जनप्रतिनिधि छनोट गर्नु आवश्यक हुन्छ। उम्मेदवार छनोट पार्टीको निर्णय भएकाले त्यसको कार्यसम्पादन र राजनीतिक परिणामप्रति सम्बन्धित पार्टी नेतृत्वको जवाफदेहिता पनि रहन्छ।

नेतृत्वको मूल्याङ्कन गर्दा पदमा बसेको अवधि मात्र होइन, जिम्मेवारी पूरा गरेको अवस्था, निर्णयको पारदर्शिता, सामूहिक काम गर्ने क्षमता र जनतासँगको सम्बन्धलाई पनि हेर्नुपर्छ। स्थानीय निर्वाचनमा उम्मेदवार छनोट गर्दा गुटगत निकटता वा व्यक्तिगत पहुँचभन्दा स्वच्छ सार्वजनिक छवि, नैतिक आचरण, योग्यता, क्षमता र स्थानीय आवश्यकता बुझ्ने खुबीलाई प्राथमिकता दिनुपर्छ । छनोटको निर्णय पार्टीले गर्ने भएकाले त्यसबाट उत्पन्न राजनीतिक परिणामको जिम्मेवारी पनि पार्टीले लिनुपर्छ ।

निर्वाचन परिणामको समीक्षा र पार्टी पुनर्जागरणको आवश्यकता

निर्वाचनमा प्राप्त परिणामलाई बाह्य परिस्थिति, गठबन्धन वा मतदाताको अस्थायी मनोविज्ञानमा मात्र सीमित गरेर व्याख्या गर्नु पर्याप्त हुँदैन । सङ्गठनको सक्रियता, सरकारको कार्यसम्पादन, स्थानीय जनसम्बन्ध, नेतृत्वको सार्वजनिक छवि र जनताका मुद्दाप्रतिको संवेदनशीलता सबैको समीक्षा आवश्यक हुन्छ । कमजोरी स्वीकार गर्नु पराजयको स्थायी घोषणा होइन, सुधारको प्रारम्भ हो । पार्टी पुनर्जागरणका लागि वैचारिक अध्ययन, सक्रिय स्थानीय सङ्गठन, जनतासँग नियमित संवाद, पारदर्शी निर्णय प्रक्रिया र कार्यसम्पादनको मापनयोग्य समीक्षा आवश्यक छ। समीक्षाको निष्कर्षलाई कागजमा सीमित नराखी सुधारका प्राथमिकता, जिम्मेवार निकाय र कार्यतालिकामा रूपान्तरण गर्नुपर्छ ।

राष्ट्रिय भेलाका प्रस्तावित कार्यपत्र र पार्टी पुनर्जागरणका अपेक्षा

राष्ट्रिय भेलामा प्रस्तुत गर्ने तयारी गरिएका तीन पदाधिकारीका कार्यपत्रलाई एक सामान्य पार्टी कार्यकर्ताका रूपमा चासोपूर्वक हेर्नु स्वाभाविक हो । सार्वजनिक रूपमा उल्लेख भएका विषयअनुसार संसदीय भूमिका र जिम्मेवार प्रतिपक्षको अभ्यासलाई स्पष्ट पार्ने अपेक्षा गर्न सकिन्छ। संसद्मा जनसरोकारका मुद्दा उठाउने, सरकारका कामको तथ्यपरक निगरानी गर्ने र सकारात्मक कामलाई समर्थन गर्दै कमजोरीको रचनात्मक आलोचना गर्ने दृष्टिकोण आवश्यक छ ।

विगतमा एमाले नेतृत्वका सरकारले गरेका आर्थिक, सामाजिक तथा भौतिक विकासका कामको वस्तुनिष्ठ समीक्षा गर्नुपर्छ । तर उपलब्धिको चर्चा गर्दा कमजोरी, अधुरा काम, कार्यान्वयनका समस्या र जनअपेक्षाको समेत आत्मसमीक्षा हुनुपर्छ। यस्तो समीक्षा विगतको बचाउ वा अवमूल्यनका लागि होइन, आगामी नीति र कार्यक्रमलाई यथार्थपरक बनाउन उपयोगी हुनुपर्छ । पार्टी शुद्धीकरण र सुदृढीकरणलाई सङ्गठनात्मक पुनर्संरचनामा मात्र सीमित नराखी आन्तरिक लोकतन्त्र, नेतृत्वको जवाफदेहिता, कार्यकर्ताको सम्मान, जनसम्बन्ध र स्थानीय निर्वाचनको तयारीसँग जोड्न सक्नुपर्छ । यी विषयलाई कार्यान्वयन योग्य कार्ययोजनामा रूपान्तरण गर्न जिम्मेवार निकाय, समयसीमा र नियमित समीक्षा प्रणाली स्पष्ट हुनुपर्छ।

एक कार्यकर्ताका रूपमा अपेक्षा यति हो कि भेलामा प्रस्तुत हुने प्रस्तावहरु छलफल र निर्णयपछि व्यवहारमा कार्यान्वयन होऊन् । राष्ट्रिय भेला औपचारिक निष्कर्षमा मात्र सीमित नभई पार्टीको वैचारिक, संगठनात्मक र राजनीतिक पुनर्जागरणको आधार बनोस्। एमालेको इतिहास संघर्ष, सङ्गठन निर्माण र राजनीतिक योगदानको इतिहास हो। तर इतिहासको गौरव वर्तमानको जिम्मेवारीबाट मुक्त हुने आधार बन्न सक्दैन । बदलिँदो नेपाली समाज, नयाँ पुस्ताको अपेक्षा र राजनीतिक घटनाक्रमले पार्टीलाई विचार, सङ्गठन, नेतृत्व संस्कृति र कार्यशैलीको गम्भीर समीक्षा गर्न आह्वान गरेका छन् ।

जबजको सान्दर्भिकता यसको ऐतिहासिक नाम वा दस्तावेजमा मात्र होइन, लोकतन्त्रलाई नागरिकको जीवनसँग जोड्ने क्षमतामा निर्भर गर्दछ। राजनीतिक स्वतन्त्रतासँगै आर्थिक अवसर, सामाजिक न्याय, समानता, सुशासन र सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न सकिएन भने समाजवादको आधार निर्माण व्यवहारमा रूपान्तरण हुन सक्दैन ।

पार्टीको भविष्य नेतृत्वको अनुहार परिवर्तनमा मात्र होइन, विचारको नवीनता, सङ्गठनको जीवन्तता, नेतृत्वको जवाफदेहिता र जनताको जीवनमा देखिने सकारात्मक परिवर्तनमा निर्भर गर्दछ । जबजलाई सामाजिक जीवनमा स्थापित गर्दै उत्पादन, रोजगारी, सामाजिक न्याय र लोकतान्त्रिक संस्कृतिमा आधारित समाजवादी आधार निर्माण गर्नु आजको मूल कार्यभार हो । विचारलाई व्यवहारमा, लोकतन्त्रलाई जनजीवनमा र समाजवादलाई उत्पादन तथा सामाजिक न्यायमा रूपान्तरण गर्न सकिएमा मात्र वैचारिक पुनर्जागरण सार्थक हुनेछ । नेपालप्रेसबाट

शिक्षक आवश्यकता

विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०८/०३

भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको मिति २०८३/०८/०३ गतेको च.नं. १२५ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको एक जना करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिल

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, व्यक्तिगत विवरण र निवेदन, (परीक्षापश्चात छनौट भएको उम्मेदवारको निरोगिताको प्रमाणपत्र ।)
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०८/१७ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०८/१७ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

पुनश्च : करार सूचिमा नाम भएका उम्मेदवारले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणसहित उपस्थित भएमा योग्यता क्रमको आधारमा नियुक्तिको प्रक्रिया अगाडि बढाइने छ । करार सूचिका उम्मेदवार नआएमा खुल्ला उम्मेदवारबाट छनोट गरिनेछ ।

प्रधानाध्यापक
श्री अरनिको माध्यमिक विद्यालय
भानु नगरपालिका-१३, ठूलोढुङ्गा, तनहुँ ।
सम्पर्क : ९८४१०१२२९६, ९८६९०२९७७४



विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

मंसिर ०४ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाब, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मंसिर ०५ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावारी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मंसिर ०६ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

मिलुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली ।
फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



महादेव मन्दिरलाई फूलको तोरण : हरिबोधिनी एकादशीका दिन तनहुँको व्यास नगरपालिका-९ स्थित राजापानी महादेव मन्दिरमा चडाउनका लागि फूलको तोरण तयार गर्दै व्यास-२ अमरापुरीका भक्तजनहरू । आफु तथा घरपरिवारमा समस्या पर्दा स्मरण गरी मानोकाङ्क्षा पुरा भएको भन्दै घरमा सत्यनारायणको पूजाअर्चना गरी हरिबोधिनी एकादशीका महादेव मन्दिरमा फूलको तोरण चडाउने/तार्ने प्रचलन छ ।
तस्विर : भञ्ज्याङ

दमौलीमा ११८ सामुदायिक कुकुरको बन्ध्याकरण

भञ्ज्याङ समाचारदाता/दमौली

सामुदायिक कुकुरको बढ्दो संख्या व्यवस्थापन र रेबिज संक्रमणको जोखिम न्यूनीकरण गर्न तनहुँमा बन्ध्याकरण तथा खोप अभियान सञ्चालन गरिएको छ । भेटेरीनरी अस्पताल तथा पशुसेवा कार्यालय तनहुँले तीन दिनसम्म सञ्चालन गरेको अभियानमा ११८ सामुदायिक कुकुरसहित १८० वटा कुकुर तथा बिरालोको बन्ध्याकरण र रेबिजविरूद्धको खोप लगाएको छ ।



कार्यालय परिसर दमौलीमा कात्तिक २८ देखि ३० गतेसम्म अभियान सञ्चालन गरिएको कार्यालय प्रमुख वरिष्ठ पशु चिकित्सक डा. ऋषिराम सापकोटाले जानकारी दिए । बजारका चोक, गल्ली तथा सार्वजनिक स्थानमा सामुदायिक कुकुरको संख्या बढ्दै जाँदा मानिसलाई टोक्ने समस्या देखिन थालेपछि संख्या नियन्त्रण र रेबिजको जोखिम घटाउन अभियान सञ्चालन गरिएको बताए ।

गण्डकी प्रदेश सरकार तथा कृषि तथा खाद्य सुरक्षा आयोजनाको सहयोगमा सञ्चालित अभियानका लागि प्रदेश सरकारले चार लाख रूपैयाँ विनियोजन गरेको थियो । अभियानमा सामुदायिक कुकुरका अतिरिक्त घरपालुवा कुकुर तथा बिरालोलाई समेत निःशुल्क बन्ध्याकरण र रेबिजविरूद्धको खोप लगाउने व्यवस्था मिलाइएको थियो।

दमौली बजारका चोक तथा गल्लीमा रहेका सामुदायिक कुकुरका कारण पैदलयात्री, स्कुले विद्यार्थी र बिहान-बेलुका हिँडडुल गर्ने स्थानीयले समस्या भोग्दै आएका छन् । कुकुरको टोकाइका घटना हुन थालेपछि स्थानीयले समेत व्यवस्थापनको माग गर्दै आएका थिए । रेबिज संक्रमित जनावरको च्यालबाट विशेषगरी टोकाइका माध्यमबाट मानिसमा सर्ने प्राणघातक रोग हो । लक्षण देखिएपछि उपचार सम्भव नहुने भएकाले कुकुरलगायत सम्भावित संक्रमण फैलाउने जनावरलाई समयमै खोप लगाउनु आवश्यक हुन्छ । कुकुरले टोकेमा घाउलाई साबुनपानीले कम्तीमा १५ मिनेटसम्म धोएर तत्काल स्वास्थ्य संस्थामा पुग्नुपर्ने चिकित्सकको सुझाव छ ।

नेपाल सरकारले सन् २०३० सम्म रेबिज उन्मूलन गर्ने लक्ष्य लिएको छ। उक्त लक्ष्य हासिल गर्न सामुदायिक कुकुरको बन्ध्याकरण, नियमित खोप र जनचेतना अभिवृद्धि आवश्यक रहेको डा. सापकोटाले बताए ।

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



Deepak Raj Joshi
x.com/kapeed

दिन प्रतिदिन हामीसँग डिग्री र प्रमाणपत्र थपिँदै छन्, तर जीवनका मूल्य, मान्यता र नैतिकता हराउँदै गएका छन्। चरित्रविनाको शिक्षाले मानिसलाई सक्षम त बनाउन सक्छ, तर असल मानिस बनाउँछ नै भन्ने छैन । ज्ञानले बुद्धि बढाउँछ, तर विवेक जागृत गराउन संस्कार आवश्यक हुन्छ ।
हामीलाई शिक्षित मानिस मात्र होइन, विवेकी, नैतिकवान् र मानवीय मूल्य बोकेको पुस्ता चाहिएको छ। किनकि राष्ट्रको भविष्य डिग्रीले होइन, नागरिकको चरित्रले निर्माण गर्छ ।



Nilamber Acharya
x.com/nilacharya

ढोका उघार
भोलिलाई पस्न देऊ
आफ्नो सोचभित्र हिजो मात्र नथुपार
चाहिने नचाहिने छुट्याऊ
चाहिने राख नचाहिने छाड
भोलिलाई पनि ठाउँ देऊ ।
आफ्नो सोचलाई फ्रिज नगर
नयाँ दिनमा विचरण गर्न देऊ !
जीवन त अतीत मात्र होइन
भविष्य पनि हो !

देउसीभैलोको रकमबाट विद्यार्थीलाई न्यानो कपडा

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिका-१२ भेडीखोलास्थित मत्स्यकन्या आधारभूत विद्यालयका २५ जना विद्यार्थीले तिहारमा देउसीभैलो खेलेर संकलन गरिएको रकमबाट न्यानो कपडा पाएका छन् । चाडपर्वमा रमाइलोका लागि मात्र नभई सामाजिक सेवाका लागि पनि रकम जुटाउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्दै दमौलीका युवा सामाजिक अभियन्ता सुदीप गफ्फार र उनको समूहले विद्यार्थीलाई स्विटर वितरण गरेको हो ।



चिसो मौसम सुरू भएसँगै आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई जाडोबाट जोगाउन र नियमित पठनपाठनमा सहज बनाउन सहयोग गरिएको गफ्फारले बताए । उनका अनुसार देउसीभैलोबाट संकलित रकम व्यक्तिगत प्रयोजनमा खर्च नगरी समुदायका आवश्यकता पूरा गर्ने उद्देश्यले विद्यार्थीलाई सहयोग गरिएको हो ।

चाडपर्वमा मनोरञ्जनका लागि गरिने गतिविधिलाई सामाजिक सेवासँग जोड्न सके त्यसले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने उहाँको भनाइ छ । संकलित रकमबाट न्यानो कपडा र स्टेशनरी सामग्री गरी १३ हजार पाँच सय रूपैयाँ बराबरको सहयोग गरिएको उनले जानकारी दिए ।

विद्यालयका प्रधानाध्यापक शकुन्तला दवाडीले जाडो मौसममा विद्यार्थीले स्विटर पाएपछि पठनपाठनमा सहज हुने बताए । चिसोका कारण विद्यालय आउन तथा कक्षाकोठामा बस्न कठिनाइ हुने विद्यार्थीका लागि सहयोग उपयोगी हुने उनको भनाइ छ ।

गफ्फार मुस्लिम समुदायका युवा हुन । उनले हिन्दू धर्मावलम्बीको प्रमुख चाड तिहारमा देउसीभैलो खेलेर विद्यार्थीलाई सहयोग गर्नुका साथै धार्मिक सद्भावको सन्देशसमेत प्रवाह गरेका छन् । यसअघि उनले ब्रह्माकुमारी राजयोग केन्द्र दमौलीकी सञ्चालिका जमुना खड्काको हातबाट भाइटीका लगाएका थिए ।

धर्म र संस्कृतिका नाममा समाजमा विभाजन होइन, आपसी सद्भाव र सहकार्य बढाउनुपर्ने सन्देशसहित उनले देखाएका छन्। यो सक्रियताले चाडपर्वलाई सामाजिक उत्तरदायित्वसँग जोड्ने उदाहरण प्रस्तुत गरेको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८५६०६०३७६
मा सम्पर्क गर्नुहोला ।
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४